बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

पत्र संख्याः ०८०/८१
च.नं.

मानभवन, ललितपुर, नेपाल

## ब्लक विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

**सूचना नं.-४/२०८०/८१**

**प्रथम पटक प्रकाशन मिति २०८०/०५/२४**

चालु आ.व. २०८०/८१ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, ब्लक विकास कार्यक्रम अन्तर्गत तपशिल अनुसारका क्षेत्रमा तरकारी ब्लक कार्यक्रम संचालन गर्नुपर्ने भएकोले निर्धारित क्षेत्र भित्रका इच्छुक कृषि सहकारी/ कृषक समुह/जल/बन उप उपभोक्ता समिति तथा कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकिशत भएको मितिले ३० दिन (मिति २०८०/०६/२२) भित्रमा कृषि ज्ञान केन्द्र, ललितपुरमा कार्यालय समय भित्र ढाँचा (अनुसूची-१०) अनुसार आयोजनाको कार्यक्रम माग आवेदन फारम भरी आवश्यक कागजात सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीको लागि कार्यालयमा वा कार्यालयको वेभसाइट lalitpur.akc.gov.np, facebook page, सम्पर्क नम्बर ०१-५४३४५७३, ०१-५४५६०३७ मा सम्पर्क गर्न सकिनेछ ।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | वाली/वस्तु | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|
| १ | ब्लक विकास कार्यक्रम | तरकारी | कागेश्वरीमनोहरा नगरपालिका-१,२,३,४र५ काठमाण्डौ । |
| २ | ब्लक विकास कार्यक्रम | तरकारी | चाँगुनारायण नगरपालिका - ८, भक्तपुर । |
| ३ | ब्लक विकास कार्यक्रम | तरकारी | कोन्ज्योसोम गाउँपालिका - २,४ र ५ ललितपुर । |

**आवेदनसाथ संलगन राख्नुपर्ने कागजातहरु**

१. कृषि सहकारी/ कृषक समुह/जल/बन उप उपभोक्ता समिति तथा कृषि फर्महरुको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. स्थायी लेखा नम्बर/ मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. गत आ.व. को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
५. कार्यक्रम संचालन हुने स्थान जग्गा जमिनको स्वामित्व भएको कागजात वा भाडामा लिएको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
६. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
७. कार्यसमिति बैठकको निर्णयको प्रतिलिपी ।
८. अन्य कुनैं निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र ।
९. सम्बन्धित स्थानियतहको सिफारिस पत्र ।

नारायण कुमार श्रेष्ठ
प्रमुख (अधिकृत स्तर दशौं)